चालुकोष स्थापना तथा बीउपुँजी परिचालन निर्देशिका २०६०

(नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०६०।१०।१५ मा स्वीकृत)

प्रस्तावना

महिला सशक्तीकरणका निम्ति महिला विकास कार्यालयद्धारा प्रवद्धैन गरिएका महिला सामुदायिक संस्था/समिति मार्फत उक्त संस्था/समितिहरूमा सँगठित महिलाहरूको आयआर्जन क्रियाकलापका निम्ति आधारस्रोतका रप्मा आवश्यक पेर्न कर्जा मागलाई टेवा पुऱ्याउन विभिन्न दातृ संस्थाहरूबाट प्राप्त गरिउका तथा प्राप्त हुने र नेपाल सरकारको आफ्नै स्रोतबाट समेत उपलब्ध गराइएका र गराउन सकिने रकम समेतबाट चालुकोष स्थापना गरी बीउपुँजीलाई सुव्यवस्थित, नियमित र प्रभावकारी ढंगबाट परिचालन गर्न नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

परिच्छेद १

प्रारम्भ

१.१ संक्षिप्त नाम र प्रारम्भ

१.२.१ यो निर्देशिकाको नाम "चालुकोष स्थापना तथा बीउपुँजी निर्देशिका २०६०" हुनेछ ।

१.२.२ यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

१.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) "संस्था" भन्नाले महिला विकास कार्यालय मार्फत प्रवर्द्धन गरिएका ग्रामीणस्तरका महिलाहरूको सामुदायिक संस्था/समितिलाई जनाउँछ । सो शब्दले प्रचलित कानून अनुसार सम्बन्धित निकायमा दर्ता भइसकेका वा गठन प्रक्रिया पुरा गरी दर्ता प्रक्रियामा अगाडी बढेका वा तदर्थ समिति गठन गरी महिलाहरूको आर्थिक सामाजिक उन्नतिका लागि निश्चित विनियमका आधारमा क्रियाशील र सञ्चालित संस्था/समितिलाई समेत जनाउँछ ।

ख) "सञ्चालक समिति" भन्नाले प्रचलित कानून बमोजिम दर्ता गर्नका लागि वा संस्थालाई व्यवस्थित ढंगबाट सञ्चालन गर्नका लागि संस्थाले विनियमद्धारा व्यवस्था गरेको समिति तथा व्यवस्थापन समितिलाई समेत जनाउँछ ।

ग) "कर्जा समिति" भन्नाले संस्थाका सदस्यहरूको बचत, शेयर तथा नेपाल सरकार वा अन्य दातृ संघसंस्थाबाट प्राप्त अनुदान वा बीउपुँजीलाई सदस्यहरूबीच कर्जाका रूपमा परिचालन गर्ने सम्पूर्ण जिम्मेवारी तोकिएको संस्थाको विनियम बमोजिम निर्धारण गरेको कर्जा समितिलाई जनाउँछ ।

घ) "चालुकोष" भन्नाले यस निर्देशिकाको दफा २.२ बमोजिम संस्थाहरूलाई बीउपुँजी उपलब्ध गराउने प्रयोजनका लागि कार्यालयमा स्थापित दफा २.१ को कोषलाई जनाउँछ ।

ङ) "बीउपुँजी" भन्नाले यस निर्देशिकाको दफा २.१ को कोषबाट दफा २.६ अनुसार सम्झौता गरी संस्थालाई उपलब्ध गराउने बीउपुँजी रकमलाई जनाउँछ ।

च) "विभाग" भन्नाले महिला विकास विभागलाई जनाउँछ ।

छ) "कार्यालय" भन्नाले महिला विकास कार्यालयलाई जनाउँछ ।

ज) "सदस्य" भन्नाले संस्थाको विनियम बमोजिम सदस्यता प्राप्त गरी उक्त संस्थामा नियमित रूपमा बचत गरिरहेका व्यक्तिहरूलाई जनाउँछ । सो शब्दले संस्थाको सञ्चालक समितिका पदाधिकारीहरूलाई समेत जनाउँछ ।

१.३ उद्देश्य

निम्नलिखित उद्देश्य परिपूर्तिका लागि चालुकोष स्थापना गरी बीउपुँजीको व्यवस्था गर्न सकिनेछ :

क) महिला सामुदायिक संस्थाहरूको संस्थागत विकामा टेवा पुऱ्याउने ।

ख) संस्थाहरको आर्थिकस्तर उकास्नुका अतिरिक्त कर्जा परिचालन क्षमतामा अभिबृद्धि गर्ने ।

ग) ग्रामीण महिलाहरूको आयआर्जनका निम्ति आवश्यक न्यूनतम कर्जाको मागलाई स्थानीय संस्थाहरू मार्फत नै परिपूर्ति गराउने ।

घ) ग्रामीण महिलाहरूको संस्थालाई बैकिंङ कारोबारतर्फ अभिमुखीकरण गर्दै उनीहरको व्यवस्थापकीइ तथा वित्तीय क्षमता सुदृढा गर्ने ।

ङ) ग्रामीण महिलाहरको चेतना अभिबृद्धि, नेतृत्व क्षमता लगायत उनीहरूको चौतर्फी विकास गरी महिला शसक्तीकरणको राष्ट्रिय लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउने ।

च) ग्रामीण विपन्न महिलाहरूलाई उत्पादनमूलक क्षेत्रमा सरिक गराई उनीहरूको आर्थिक स्थिति सुदृढ पार्न मद्दत पुऱ्याउने ।

परिच्छेद २

चालुकोष स्थापना तथा बीउपुँजीको व्यवस्था

२.१ चालुकोष स्थापना

दफा २.२ बमोजिम बीउपुँजी प्रदान गर्ने प्रयोजनका लागि विभाग अन्तर्गका सबै कार्यालयमा चालुकोषका नाममा एक कोषको स्थापना गरिनेछ । उक्त कोष स्थायी कोष हुनेछ । जसमा नेपाल सरकार तथा विभिनन दातृसंस्थाहरूको स्रोतबाट यस अघि प्राप्त भएका चालुकोष, घुम्तीकोष लगायतका रकमहरू सम्बन्धित संस्थाहरूबाट सम्झौता अवधि समापत भएपश्चात फिर्ता हुनआउने व्याजसहितको बीउपुँजी तथा विभाग तथा अन्य दातृसंस्थाहरूबाट प्राप्त हुन आउने बीउपुँजी रकम समावेश गरिनेछ । यसका अतिरिक्त विगत समयमा महिला कल्याण कोष लगायतका नाममा महिला विकास अन्तर्गतका स्थानीयस्तरका सम्पूर्ण कोषहरूलाई यसै कोष अन्तर्गत एकिकृत गरी परिचालन गरिनेछ । यो कोषको सञ्चालनका लागि स्थानीय बैंकमा चल्ती वा बचतमध्ये जुन उपयुक्त हुन्छ, सोही अनुसार छुट्टै खाता खोली सम्बन्धित कार्यालयको महिला विकास अधिकृत र सहलेखापालको संयुक्त दस्तखतबाट खाता संचालन हुने व्यवस्था गर्नुपर्ने छ ।

२.२ बीउपुंजी उपलब्ध गराउन सक्ने ।

यस निर्देशिकाको परिच्छेद १ को दफा १.३ अनुसार उद्देश्य परिपूर्तिका लागि कार्यालयले जिल्लस्थित चालुकोषबाट दफा २.६ बमोजिम सम्झौता गरी संस्थालाई बीउपुँजी उपलब्ध गराउन सक्नेछ । यस्तो बीउपुँजीको अधिकतम सीमा सम्बन्धित संस्थाको बचत कोषको पाँच गुणाभन्दा बढी नहुने गरी अधिकतम रु एक लाखसम्म हुनेछ ।

२.३ बीउपुँजी प्राप्त गर्न निवेदन दिनुपर्ने ।

संस्थाले बीउपुँजी प्राप्त गर्नका लागि अनुसूची १ बमोजिमको ढांचामा सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्ने छ । यसरी निवेदन दिंदा उक्त संस्थाको संचालक समितिको निर्णय तथा संस्थाको बीउपुँजी परिचालन र कर्जा लगानी नीतिसमेत समावेश गर्नुपर्नेछ ।

२.४ कार्यालयले सिफारिश गर्ने

आफ्नो जिल्ला अन्तर्गतको कार्यान्वयन स्थिति समेतको विश्लेषणबाट आगामी आर्थिक बर्षका लागि आवश्यक पर्ने बीउपुँजीको माग प्रक्षेपण गरी कार्यालयले आर्थिक वर्षको दोस्रो चौमासिक अवधिभित्र विभागमा सिफारिश गरी पठाउनु पर्नेछ ।

२.५ चालुकोष उपलब्ध गराउने ।

२.५.१ विभागले प्रत्येक आर्थिक बर्ष चालुकोषका लागि आवश्यक पर्ने निश्चित रकम बार्षिक कार्यक्रममा व्यवस्था गर्नुपर्नेछ । सम्बन्धित कार्यालयको माग र पूर्तिका समायोजन हुने गरी आवश्यक बजेट सम्बन्धित कार्यालयका नाममा बीउपुँजी वितरण प्रयोजनका लागि चालुकोषमा जम्मा हुनेगरी उक्त रकम उपलब्ध गराउनु पर्नेछ ।

२.५.२ चालुकोष रकम जिलमा उपलब्ध गराउंदा आर्थिक प्रशासन शाखाले सो को बोधार्थ अनुगमन शाखालाई उपलब्ध गराउने र अनुगमन शाखाले चालुकोष सम्बन्धी अनुसूची २ बमोजिमको स्थायी किताव खडा गरी विभागीय प्रमुखबाट प्रमाणित गराई राख्नुपर्ने छ ।

२.६ सम्झौता गर्नुपर्ने

कार्यालयले आ आफना जिल्ला अन्तर्गतका संस्थाहरूलाई दफा २.१ को कोषबाट बीउपुँजी उपलब्ध गराउन अगावै अनुसूची ३ बमोजिमको ढांचामा सम्झौता गरी राख्नुपर्नेछ ।

परिच्छेद ३

बीउपुँजी संचालन र व्यवस्थापन

३.१ बीउपुँजी परिचालनका शर्तहरू

क) संस्थाले आफना सदस्यहरूबीचमा मात्र बीउपुँजी परिचालन गर्नुपर्नेछ ।

ख) बीउपुँजी परिचालका लागि संस्थाले अनिवार्यरूपमा विनियमद्धारा नै एउटा कर्जा लगानी समितिको व्यवस्था गरी सोही समितिको निर्णयद्धारा कर्जा लगानी गर्नुपर्ने छ ।

ग) बीउपुँजी परिचालन गर्दा लगानी हुने अवधि, न्यूनतम व्याजदर, प्रतिसदस्य लगानी गरिने अधिकतम रकम, भाखा नाघेमा लाग्ने हर्जाना आदि विषयमा संस्थाले बीउपुँजी परिचालन नीति तयार गरी सोही

नीतिमा स्पष्ट उल्लेख गरी लागु गर्न पर्नेछ । तर बीउपुँजी व्याजदर प्रचलित बैंको व्याजदर भन्दा घटी हुनपाउने छैन ।

घ) संस्थाले बीउपुँजीबाट लगानी गर्दा बढी भन्दा बढी सदस्य लाभान्वित हुनेगरी लगानी गर्ने नीति बनाउनु पर्नेछ । लगानी गर्दा सदस्यहरूको कर्जा माग मध्येबाट उत्पादनमूलक र कम समयमा बढी प्रतिफल प्राप्त हुने खालका परियोजनामा प्राथमिकताका साथ लगानी गर्नुपर्नेछ । कर्जाको भाखा तोक्दा परियोजनाको प्रकृतिका आधारमा न्यूनतम भाखा तय गरिनुपर्दछ ।

ङ) बीउपुँजी लगानी गर्दा कूल कोष रकमको १० प्रतिशत भन्दा बढी रकम घरायसी कार्यका लागि मात्र माग भएको कर्जामा लगानी गर्न पाइने छैन ।

च) संस्थाका सदस्यले कर्जा माग गर्दा अनुसूची ४ बमोजिम ढांचामा निवेदन पेश गर्नुपर्नेछ ।

छ) संस्थामा नियमित बचत नगर्ने सदस्यलाई बीउपुँजीबाट कर्जा लगानी गर्न पाइने छैन ।

ज) संस्थाहरूले प्रत्येक वर्षको असार मसान्तमा आफूले कार्यालयबाट प्राप्त गरेको बीउपुँजीको २ प्रतिशत व्याज कार्यालयको चालुकोष खातामा जम्मा गर्नुपर्नेछ ।

झ) बीउपुँजी लगानी नीति अन्तर्गत ऋण लिन इच्छुक सदस्यहरूमध्ये गरीब तथा पिछडिएका वर्गका सदस्यहरूलाई संस्थाले पहिलो प्राथमिकता दिने व्यवस्था गर्नुपर्नेछ ।

ञ) बीउपुँजी परिचालन गर्दा निर्देशिकाको परिधिभित्र रहेर लगानी र लगानी भुक्तानी प्रभावकारी हुने अन्य शर्तहरू आफले निर्धारण गरी लागु गर्नसक्ने छन् ।

३.२ बीउपुँजी परिचालन सम्झौताको अवधि र नवीकरण व्यवस्था

क) कार्यालयले दफा २.६ बमोजिम सम्झौता गरी संस्थालाई बीउपुँजी प्रदान गर्दा शुरुमा ३ वर्षे अवधि कायम गरिनेछ ।

ख) कार्यालयले अनुगमन गर्दा संस्थाले निर्देशिकाको अधीनमा रही सबै सदस्यहरूको हित हुनेगरी प्रभावकारी ढंगबाट बीउपुँजी परिचालन भएको र वार्षिक व्याज शाखामा बुझाएको पाएमा ३ वर्ष पश्चात पुनः थप २ वर्षका लागि सोही संस्थालाई नवीकरण गरी बीउपुँजी परिचालन गर्न दिन सक्नेछ ।

३.३ बीउपुँजी फिर्ता गर्नुपर्ने

३.३.१ देहायमध्ये कुनै एक अवस्था भएमा संस्थाले कार्यालयलाई अनिवार्य रूपमा २ प्रतिशत व्याज सहितको बीउपुँजी अवधि समाप्त भएको मितिले २ महिनाभित्र फिर्ता गर्नु पर्नेछ :

क) दफा २.६ को सम्झौता अवधि तथा नवीकरण भएको अवस्थामा सो अवधि समेत समाप्त भएमा

ख) दफा ३.५ अनुसार सम्झौता रद्द भएमा ।

३.३.२ यसरी अवधि समाप्त भए पश्चात पनि संस्थाले कार्यालयलाई बीउपुँजी फिर्ता नगरेमा उक्त रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

३.४ संस्थाबाट फिर्ता प्राप्त बीउपुँजी पुनः परिचालन गर्नसक्ने

क) कार्यालयको चालुकोषको अवस्था र जिल्लामा गठन भएका महिला संस्थाको बीउपुँजीको मागको आधारमा एउटा संस्थाले सम्झौतामा तोकिएको अवधिसम्म बीउपुँजी परिचालन गरेपश्चात दफा ३.३ अनुसार फिर्ता प्राप्त बीउपुँजी यसै निर्देशिकाको अधीनमा रही कार्यालयले नयां संस्थालाई उपलब्ध गराउन सक्नेछ ।

ख) कार्यालयको चालुकोषमा मौज्दात भएमा र नयां संस्थाबाट माग नभएको अवस्था विद्यमान रहेमा बीउपुँजीको माग, सदस्य संख्या र कार्यक्षमताका आधारमा एउटै संस्थालाई पुनः सम्झौता गरी बीउपुँजी गप लगानी गर्न पनि सकिनेछ । तर यसका निम्ति उक्त संस्थाले पूर्व बीउपुँजीलाई प्रभावकारी ढंगबाट लगानी गरिरहेको र कार्यालयमा बुझाउनुपर्ने व्याज नियमित रूपमा बुझाएको हुनु पर्नेछ ।

३.५ सम्झौता रद्द गरी बीउपुँजी फिर्ता लिने विभाग र कार्यालयको विशेषाधिकार

देहायका मध्ये कुनै पनि अवस्थामा विभाग/कार्यालयले संस्थासँगको सम्झौता रद्द गरी बीउपुँजी फिर्ता लिनसक्ने छ :

१) विभाग/कार्यालयले अनुगमन गर्दा संस्थाले निर्देशिकाको व्यवस्थालाई उल्ङघन गरेको पाइएमा ।

२) बीउपुँजी सम्झौता अवधि समाप्त नहुँदै संस्थाको विघटन भएमा ।

३) बीउपुँजी प्राप्त संस्थाले कार्यालयसँगको सम्बन्ध टुटाई अन्य निकायसँग आवद्ध भएको पाइएमा ।

४) तोकिउको उद्देश्य भन्दा विपरित कार्य गरेको पाइएमा ।

५) यस निर्देशिकाको दफा ४.३ बमोजिम कर्तव्य/भूमिका निर्वाह नगरेमा ।

३.६ चालुकोष रकम अन्य प्रयोजनमा खर्च गर्न नपाइने ।

३.६.१ दफा २.४ बमोजिम कार्यालयलाई उपलब्ध गराइएको चालुकोषलाई दफा २.२ बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनमा खर्च गर्न पाइने छैन ।

३.६.२ यस निर्देशिकाको शर्त तथा व्यवस्थाको उल्लङ्घन भउमा सम्बन्धित कार्यालय प्रमुखलाई विभागीय कारवाही हुनसक्ने छ ।

३.७ बीउपुँजीको स्रेस्ता तथा अभिलेख दुरुस्त राख्नुपर्ने

संस्थाले कार्यालयबाट प्राप्त बीउपुँजीको छुटै र स्पष्ट विवरण देखिने गरी अभिलेख दुरुस्त राख्नुपर्ने छ ।

परिच्छेद ४

सम्बन्धित पक्षको काम कर्तव्य र अधिकार

४.१ विभागको अधिकार र कर्तव्य

बीउपुँजी परिचालनमा विभागको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१) प्रत्येक आ.व.को वार्षिक कार्यक्रममा चालुकोष स्थापनाका लागि आवश्यक रकमको व्यवस्था गर्ने ।

२) सबै कार्यालयहरूबाट चालुकोषका लागि माग सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने ।

३) प्राप्त मागका आधारमा सम्बन्धित कार्यालयमा चालुकोष स्थापना लागि रकम उपलब्ध गराउने ।

४) प्रत्येक चौमासिक/वार्षिकमा सबै कार्यालयहरूको चालुकोषको स्पष्ट चित्रण हुने गरी विवरण लिई केन्द्रियि तत्थ्याङ्क अद्यावधिक गराई राख्ने ।

५) कार्यालयलाई चालुकोषबाट बीउपुँजी परिचालनका लागि आवश्यक निर्देशन दिने ।

६) चालुकोष तथा बीउपुँजी परिचालनका बारेमो समय समयमा अनुगमन गरी कार्यालय तथा संस्थाहरूलाई आवश्यक निर्देशन दिने ।

७) अनुगमन गर्दा संस्थाहरूले बीउपुँजी परिचालन नीति विपरित कार्य गरेको पाइएमा सो संस्थासँगको सम्झौता भङ्ग गरी बीउपुँजी फिर्ता गर्न लगाउने ।

८) परिस्थिति अनुसार निर्देशिकामा आवश्यक सुधार गर्दै जाने ।

४.२ कार्यालयको अधिकार र कर्तव्य

चालुकोष परिचालनका लागि कार्यालयको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

१) आफनो जिल्लास्थित संस्थाहरूका लागि आवश्यक पर्ने बीउपुँजीको माग प्रक्षेपण गरी विभागमा सिफारीस गरी पठाउने ।

२) दफा २.१ बमोजिम चालुकोष स्थापना गरी दफा ३.२ र ३.४ बमोजिम कोष परिचालन समेत गर्ने ।

३) संस्थाहरूको माग तथा कोषको क्षमता अनुसार आवश्यक सम्झौता गरी संस्थाहरूलाई उपयुक्त मात्रामा बीउपुँजी रकम प्रदान गर्ने ।

४) बीउपुँजी परिचालन गर्ने, अभिलेख अद्यावधिक गर्ने आदि विषयमा सम्बन्धित संस्थालाई अनुशिक्षण दिने ।

५) संस्थाहरुको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने ।

६) बीउपुँजी परिचालन गरिरहेका संस्थाहरुबाट प्राप्त विवरणका आधारमा मासिक/चौमासिक/वार्षिक रुपमा अभिलेख अद्यावधिक गराई राख्ने ।

७) प्रत्येक चौमासिक/वार्षिक अवधिमा चालुकोषको यथार्थ स्थिति झल्कने गरी अनुसूची-८ बमोजिम विवरण विभागमा पठाउने ।

८) दफा ३.४ बमोजिमको अधिकारको कार्यान्वयन गर्ने ।

९) चालुकोष स्थापना, बीउपुँजी परिचालन नीति तथा निर्देशिका सम्बन्धमा विभागलाई आवश्यक राय, सुझाव प्रदान गर्ने ।

४.३ संस्थाको अधिकार र कर्तव्य

बीउपुँजी परिचालन सम्बन्धमा संस्थाको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछ :

क) अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयमा बीउपुँजी माग गरी निवेदन दिने ।

ख) अनुसूची-२ बमोजिम संझौता गरी कार्यालयबाट प्राप्त बीउपुँजी नियमानुसार संस्थाको कोषमा जम्मा गरी दफा ३.१ बमोजिमका शर्तहरुको पूर्णतः पालना गरी बिउपुँजी परिचालन गर्ने ।

ग) अनुसूची-५ बमोजिम बीउपुँजी अभिलेख अद्यावधिक गरी राख्ने र अनुसूची-६ बमोजिमको ढाँचामा मासिक रुपमा बीउपुँजीको यथार्थ विवरण भरी कार्यालयमा पेश गर्ने ।

घ) संझौता अवधि समाप्त भएको २ महिनाभित्र कार्यालयबाट प्राप्त बीउपुँजी बक्यौता व्याजसहित कार्यालयको चालुकोष खातामा जम्मा गर्ने ।

ङ) विभाग र कार्यालयबाट अनुगमन गरी दिइएका लिखित/मौखिक निर्देशनको पालन गर्ने ।

च) आफ्ना सदस्यहरुको अधिकताम हित हुनेगरी बीउपुँजी परिचालन गर्ने ।

४.४ सदस्यको अधिकार र कर्तव्य

बीउपुँजी परिचालन सम्बन्धमा सदस्यको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछ :

क) संस्थाको बीउपुँजी परिचालन नीति तय गर्नमा सक्रिय भूमिका निर्वाह गर्ने तथा सोको पालना गर्ने ।

ख) बीउपुँजीबाट लिइएको कर्जालाई उत्पादनमूलक क्षेत्रमा लगानी गरी अधिकतम लाभ आर्जन गर्न प्रयत्नरत रहने ।

ग) बीउपुँजी रकमबाट लिइएको ऋणको साँवा, व्याज तोकिएको भाखाभित्र चुक्ता गर्ने ।

५.१ अनुगमन गरी निर्देशन दिनसक्ने

चालुकोषलाई व्यवस्थित रुपबाट संचालन गर्ने सन्दर्भमा विभागले कार्यालय र संस्थाको तथा कार्यालयले संस्थाको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिनसक्ने छ । सो निर्देशनको पालना गर्नु सम्बन्धित कार्यालय तथा संस्थाको कर्तव्य हुनेछ ।

५.२ प्रतिवेदन पेश गर्नुपर्ने

बीउपुँजी परिचालनको यथार्थ स्थिति झल्किने गरी महिला संस्थाले अनुसूची-६ बमोजिम कार्यालयमा तथा कार्यालयले अनुसूची-८ बमोजिम महिला विकास विभागमा चौमासिक/वार्षिक रुपमा प्रतिवेदन पेश गर्नुपर्ने छ । सोको एकप्रति अद्यावधिक गरी आ-आफ्नो कार्यालयमा समेत राख्नुपर्ने छ । सोको आधारमा विभागले अनुसूची-९ बमोजिमको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने छ ।

५.३ लेखा परीक्षण

कार्यालयमा स्थापना भएको चालुकोषको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

५.४ बचाउ

यो निर्देशिका लागू हुनु अगावै 'महिला विकास कार्यक्रम कार्यान्वयन निर्देशिका' बाट संचालित चालुकोष, 'महिला जागृति तथा आयआर्जन कार्यक्रममा चालुकोष बीउपुँजी परिचालन निर्देशिका २०५९' बाट संचालित चालुकोष तथा कार्यालयबाट समूह, समिति वा महिला सहकारी संस्था मार्फत चालुकोष, घुम्तीकोष, महिला कल्याण कोष आदि नामबाट संचालित सबै प्रकारका रकमहरु यो निर्देशिका लागू भएपश्चात यसै निर्देशिका बमोजिम कार्यान्वयन भएको मानिनेछ । यसअघि परिचालन भएको चालुकोषको फिर्ता हुने सबै रकमहरु यसै कोषमा एकिकृत गरी यसै निर्देशिका बमोजिम कार्यान्वयन हुनेछन् ।

५.५ व्याख्या

यो निर्देशिकामा उल्लेखित दफाहरुको कार्यान्वयनमा कुनै द्विविधा परेमा त्यसको व्याख्या गर्ने अधिकार विभागलाई रहनेछ ।

५.६ बाधा अड्काउ फुकाउने

यो निर्देशिका कार्यान्वयन गर्ने सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अन्तिम अधिकार विभागमा सुरक्षित रहनेछ ।

अनुसूची १

(निर्देशिकाको दफा २.३ सँग सम्बन्धित)

बीउपुँजी आवेदन फाराम

श्रीमान् महिला विकास अधिकृत
महिला विकास कार्यालय
… … … .. … … …

विषय: **बीउपुँजी उपलब्ध गराईपाउं**

महोदय,

त्यस कार्यालयबाट महिला सशक्तीकरणका लागि "चालुकोष स्थापना तथा बीउपुँजी निर्देशिका २०६०" बमोमिज उपलब्ध हुने बीउपुँजी सम्बन्धमा भएको सम्पूर्ण व्यवस्था तथा सम्झौताका शर्त पालना गर्ने गरी यस … … … … … गाविस … … … वडा नं. स्थित … … … … … … … संस्थालाई रु … … … … … … … .. … (अक्षरेपी … … … … … … … … …) तोकिएको सम्झौताको शर्त अनुसार फिर्ता बुझाउने गरी उपलब्ध गराईदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

संचालक समितिको बैठकको निर्णय तथा चालुकोष परिचालन नीति समेत यसैसाथ संलग्न राखी पेश गरेका छौं ।

संस्थाको विवरण

संस्थाको संख्या :
शेयर पुँजी :
बचत कोष :

भवदिय

… … .. … … …
अध्यक्ष
… … … … … … …
संस्था

अनुसूची २

(निर्देशिकाको दफा २.५.२ सँग सम्बन्धित)

चालुकोषको अभिलेख विवरण

आ.व.

सि. नं.	जिल्ला	चालु आवको		गत आवसम्मको चालुकोष	जम्मा चालुकोष	लगत राख्नेको हस्ताक्षर	विभागीय प्रमुखको हस्ताक्षर
		चालुकोष	स्रोत				
१।							
२।							
३।							
	जम्मा						

अनुसूची ३

(निर्देशिकाको दफा २.६ सँग सम्बन्धित)

सम्झौता पत्र

आज मिति २० । । । मा कार्यालय ..... (कार्यालय) र संस्था ..... (संस्था) वीच तल उल्लेखित शर्तका परिधिभित्र रही बीउपुँजी रु ... ... परिचलन गर्न हस्ताक्षर गरी सम्झौता गरेका छौं । यसमा कुनै फरक पर्ने छैन । सम्झौताका शर्त तथा महिला सशक्तीकरणका लागि चालुकोष स्थापना तथा बीउपुँजी परिचालन निर्देशिका २०६० (यसपछि निर्देशिका भनिने) मा उल्लेखित शर्तहरू भित्र रही चालुकोष सञ्चालन नभएमा प्रचलित ऐन नियम बमोजिम सहुँला बुझाउँला ।

शर्तहरू

१) यो सम्झौता ३ वर्षका लागि लागु गर्नमा हामी दुबै पक्ष सहमत छौ, तर संस्थाले संचालन सम्बन्धी शर्तहरू उल्लघन गरेमा कार्यालयले बिचैमा सम्झौता भंग गरी बीउपुँजी रकम फिर्ता लिनसक्ने छ ।

२) बीउपुँजी संचालन विधि तथा यसका अनुगमन तरिका र त्यसबाट पाउनुपर्ने प्रतिफल प्रभावकारी तथा शर्त बमोजिम देखिएमा कार्यालयले पुनः थप २ वर्षको लागि सम्झौता नविकरण गर्नसक्नेछ ।

३) कार्यालयबाट उपलब्ध बीउपुँजी परिचालनको अभिलेख संस्थाले निर्देशिका बमोजिम दुरुस्त राखी सो अभिलेख मासिक रूपमा कार्यालय समक्ष पठाउनु पर्नेछ ।

४) सम्झौतामा उल्लेख भएको बीउपुँजी रकमको बार्षिक २ प्रतिशत व्याज प्रत्यके बर्षको असार मसान्तमा संस्थाले कार्यालयलाई बुझाउनु पर्नेछ ।

५) बीउपुँजी रकम संस्थाको खातामा जगेडा नराखी परिचालन गरीरहनु पर्नेछ ।

६) बीउपुँजी परिचालन प्रयोजनका लागि संस्थाले एउटा कर्जा समिति गठन गर्नुपर्नेछ ।

७) बीउपुँजी परिचालन गर्दा कुनै ऋणी सदस्यबाट नियम विपरित कार्य गरे संस्थाको कोष परिचालन नीतिमा व्यवस्था भए अनुसार दण्ड जरिवाना गरी यथाशिघ्र ऋण असुली गर्नुपर्नेछ ।

८) बीउपुँजी परिचालन गर्दा बैंकको व्याजदर भन्दा घटी नहुने गरी व्याजदर कायम गर्नुपर्नेछ ।

९) संस्थाले आफना शेयर सदस्यहरूभन्दा बाहिर लगानी गर्नपाइने छैन ।

१०) सम्झौता बमोजिमको बीउपुँजी रकमको सम्पूर्ण जिम्मेवारी संस्थाकै हुनेछ ।

११) माथि उल्लेख भएका शर्त बाहेक अन्य कुराहरू निर्देशिका बमोजिम दुबै पक्षका लागि समान रूपमा मान्य हुनेछन् ।

संस्थाको तर्फबाट	कार्यालयको तर्फबाट
नाम :	नाम :
पद :	पद :
संस्था :	संस्था :
दस्तखत :	दस्तखत :
मिति :	मिति :

पुनश्च: यस सम्झौतामा उल्लेख गरिएका शर्त बाहेक सम्बन्धित जिल्लाको स्थिति हेरी महिला विकास कार्यालय आफैले शर्तहरू थप गर्न सक्नेछ ।

अनुसूची-४

निर्देशिकाको दफा ३.१ को (च) सँग सम्बन्धित

ऋणको आवेदन फाराम

श्रीमान् अध्यक्षज्यू,

.....संस्था

.....

विषय : **बीउपुँजीबाट ऋण उपलब्ध गराइपाउँ** ।

महोदय,

यस संस्थाको बीउपुँजी परिचालन नीतिको पूर्णतः पालन गर्ने शर्तमा .... व्यवसाय/परियोजना संचालन गर्नका लागि रु .... (अक्षरेपि .....) .... अवधिका लागि उपलब्ध गराइ दिनुहुन विनम्र अनुरोध गर्दछु ।

नाम :

ठेगाना :

सदस्यता नं. :

बाबु/पतिको नाम :

बाजे/ससुराको नाम :

दस्तखत

अनुसूची-५

निर्देशिकाको दफा ४.३ को (ग) सँग सम्बन्धित

संस्थाले राख्ने बीउपुँजी परिचालन अभिलेख

जिल्ला :

संस्थाको नाम :

ठेगाना :

बैंकको नाम :

खाता नं. :

मूल बीउपुँजी रु :

स्रोत :

कोष स्थापना मिति :

सि.नं.	सदस्यता नं	बीउपुँजीबाट कर्जा लिने सदस्यको नाम	ठेगाना	लगानी				असुली					बुझाएको मिति	बुझी लिनेको सही	कैफियत
				लगानी मिति	परियोजनाको नाम	रकम	बुझाउनेको सही	बुझाउनु पर्ने मिति	साँवा	व्याज	हर्जाना	जम्मा रकम			

अनुसूची-६

निर्देशिकाको दफा ५.२ सँग सम्बन्धित

संस्थाले कार्यालयमा पठाउने बीउपुँजी प्रगति विवरण

.....संस्था

.....साल .....मासिक/चौमासिक/बार्षिक

बीउपुँजी प्रगति प्रतिवेदन

श्रीमान् महिला विकास अधिकृतज्यू,

महिला विकास शाखा

..... ।

हाम्रो संस्थामा त्यस कार्यालयबाट प्राप्त बीउपुँजीको हालसम्मको प्रगति यस प्रकार भएको व्यहोरा अनुरोध गर्दछौँ ।

संस्थाको विवरण

क) बीउपुँजी स्थापना मिति :
ख) मूल बीउपुँजी :
ग) जम्मा सदस्य संख्या :

अध्यक्ष/सचिव

बीउपुँजीबाट लगानीको विवरण :

सि. नं	परियोजनाको किसिम	लगानी		असुली				नगद/बैंक मौज्दात	बाँकी
		सदस्य संख्या	रकम	सदस्य संख्या	साँवा	व्याज	जम्मा		
	जम्मा								

अनुसूची-७

निर्देशिकाको दफा ४.२ को (च) बमोजिम

कार्यालयले राख्ने बीउपुँजी अभिलेख फाराम

महिला विकास शाखा .....

..... साल .....चौमासिक/वार्षिक ।

सि.नं.	चालुकोषबाट बीउपुँजी प्रदान गरेको संस्थाको नाम	ठेगाना	बीउपुँजी प्रदान गरेको मिति	जम्मा सदस्य सख्या	स्रोत	शुरु बीउपुँजी	लगानी								असुली		बाँकी		कैफियत
							उत्पादन मूलक		उद्यममूलक		सेवामूलक		अन्य						
							संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	साँवा	व्याज	बैंक	नगद मौज्दात	

उत्पादनमुलकः कृषि, पशुपालन, कुखुरापालन, माछापालन, लगायतका उतदामूलक परि।योजनाहरु

उद्यममूलक : साना घरेलु उद्योग (राडीपाखी, मुढाबुनाई, जामजेली, चाउचाउ)

सेवामूलम : खुद्रा पसल, होटल, व्यूटिपार्लर, टलरिङ्ग सेन्टर आदि

अन्य : घरायसी प्रयोजन (शिक्षा, स्वास्थ्य, कर्जा भुक्तानी आदि)

अनुसूची-८

निर्देशिकाको दफा ५.२ सँग सम्बन्धित

कार्यालयले विभागमा पठाउने बीउपुँजी प्रगति प्रतिवेदन

नेपाल सरकार

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

महिला विकास विभाग, महिला विकास शाखा

.....साल .....चौमासिक/वार्षिक

क्र.सं	वीउपुँजी प्रदान गरिएको संस्था	बीउपुँजीका स्रोतहरु	जम्मा बीउपुँजी	लगानी रहेको			असुली		बाँकी		कैफियत
				सदस्य संख्या	रकम	मुख्य लगानीका क्षेत्रहरु	साँवा	व्याज	बैंक	नगद मौज्दात	

अनुसूची-९

निर्देशिकाको दफा ५.२ सँग सम्बन्धित

विभागमा राख्ने बीउपुँजी प्रगति अभिलेख

नेपाल सरकार

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

महिला विकास विभाग

.....साल .....चौमासिक/वार्षिक

सि.नं.	जिल्ला	बीउपुँजी प्रदान गरिएको संस्था संख्या	बीउपुँजीका स्रोतहरु	जम्मा बीउपुँजी	लगानीमा रहेको			असुली		बाँकी		कैफियत
					सदस्य संख्या	रकम	मुख्य लगानीका क्षेत्रहरु	साँवा	व्याज	बैंक	नगद मौज्दात	
१												
२												
३												
४												
५												
६												
७												
८												
९												
१०												
	जम्मा											